

# स्कुलका चिप्लेकिरा

कनकमणि दीक्षित



एक वर्षकी फुर्तिली छाउरी पुचु एउटा स्कुलमा बस्थी। उसलाई स्कुलका केटाकेटी र शिक्षक शिक्षिका सबैले खुब मन पराउँथे। पुचु चौरमा भकुन्डो खेलिरहेका केटाकेटीहरूसँग रमाउँथी। कुनै बेला ऊ पुस्तकालयमा पुग्थी। कुनै बेला पाठ्यक्रमलाई कसरी राम्रो बनाउने भन्ने छलफल सुन्न प्रिन्सिपलको कोठामा जान्थी।

पुचु धेरै कुरा जान्न खोज्थी। ऊ स्कुलका हरेक गतिविधिमा चासो राख्थी। स्कुलमा बास्केटबल खेल्दा खेल्दै कोही घाइते भए ऊ त्यहीँ पुग्थी। कुनै बच्चा केही कारणले रोयो भने पनि ऊ त्यहीँ जान्थी। कहिले ऊ कराइरहेका कागको समूहनजिकै हुन्थी।





एक दिन बिहान स्कुलको मूल ढोकाको भुइँमा पुचुले दुई चिप्लेकिरा देखी। ती लिपिक्क टाँसिएर बसेका थिए। उसले सुँघेर अडकल गरी, “यी दुई साथीहरू धेरै पछि भेट भएछन् कि क्या हो !”

स्कुलका प्रिन्सिपलले एक जना शिक्षकसँग दङ्ग पर्दै भन्नुभयो, “यसपटक बर्खामा हाम्रो स्कुलवरपर धेरै चिप्लेकिरा देखिएका छन्। यो राम्रो सङ्केत हो।



रुख, बिरुवामा किरा मार्ने औषधी र रासायनिक मल नछर्कने हो भने वातावरण राम्रो हुन्छ ।



स्वस्थ र सन्तुलित वातावरण, हरियाली र चिप्लेकिरा हुनु राम्रो लक्षण हो।" यो कुरा सुनेकी पुचु आफू यस्तो राम्रो ठाउँमा बस्न पाएकाले खुसी भई।



स्कुलको वरिपरि पुतली, माहुरीहरू नाच्थे। त्यहाँ ढाडमा माछ्राका जस्तै कत्ला र खजुरो जस्तै खुट्टा भएको किरो पनि थियो। त्यसले मर्न लागेका र मरिसकेका चिप्लेकिराहरूलाई खान्थ्यो। त्यही कारण सबैले त्यसलाई 'चिप्लेकिराको बाघ' भन्थे।



पुचुलाई चिप्लेकिरा ढिलो घस्रेको देखेर अचम्म लाग्थ्यो। उसलाई चिप्लेकिराहरू फुर्सदका बेला के गर्लान्, के खालान्, साथीहरूसँग कहाँ भेट्लान् भन्ने कुरामा चासो थियो।





चिप्लेकिराहरू घाम चर्केको बेला कि पर्खालको चेपमा कि त गमलाको चिसो भागमा बस्थे। साँझपख बाहिर निस्कन्थे। उनीहरू दिनभरि सुत्ने र रातभरि खानेकुरा खोज्ने गर्थे। उनीहरू कलिला र नरम तरकारीका बोटको छेउछाउ बस्थे। उनीहरू घस्रेर कहाँ जान लागेका हुन् भन्ने कुरा कसैलाई थाहा हुँदैनथ्यो। चिप्लेकिरालाई 'छिटो' भन्ने शब्द थाहा नभए जस्तो लाग्थ्यो। पुचु यस्तो देखेर अचम्म मान्थी।



कहिले कतै माहुरी उड्दा र रुखका पात खस्दा उनीहरू आफ्ना दुइटै सिङ लुकाउँथे। उनीहरूका आँखा पनि सिङ्का नजिकै हुन्छन्। आफू राम्ररी सुरक्षित हुन उनीहरू गुडुल्किएर डल्लो पर्थे। उनीहरूलाई चराहरूले खाँदैनथे। मानिसका खुट्टामुनि परे भने ज्यान जान्थ्यो। किचिएपछि उनीहरू 'चिप्लेकिराको बाघ'को आहार हुन्थे।



पुचुले थिचिएर मरेका धेरै चिप्लेकिरालाई सम्झी। स्कुलको मूल ढोकाका दुई चिप्लेकिरालाई हेरी। उसले स्कुल बसमा आउने केटाकेटीका खुट्टामुनि परे भने यिनीहरू मर्छन् भनेर चिन्ता लिई। उसले विचार गरी, “अब यी चिप्लेकिरालाई थाहा दिनुपर्‍यो। यिनीहरू सुरक्षित होऊन्।” उसले मुखले सङ्केत गरी तर चिप्लेकिराहरूले सिङलाई भित्र पनि लगेनन्। उनीहरूलाई घर फर्कने बेला बितिसक्यो भन्ने कुरा पनि मतलब भएन। केही वास्ता नगरी उनीहरू त्यहीँ बसे।

पुचुलाई फेरि चिन्ता लाग्यो, "केटाकेटीहरू ग्वारग्वारती आएर भित्र पस्छन्। उनीहरूलाई खेल्न हतार हुने भएकाले बाटामा नहेरी दौडन्छन्। यी चिप्लेकिरा किचिएर मर्छन्।" यस्तो डरलाग्दो सोचाइ मनमा आएकाले पुचु आत्तिई। उसलाई चिप्लेकिराका कान हुन्छन् कि हुँदैनन् भन्ने कुरा पनि थाहा भएन।





पुचु जोडले भुक्न थाली। केही समयपछि ती चिप्लेकिरा बिस्तारै चिसातिर घस्रन थाले। तिनीहरू घस्रेको ठाउँमा टल्कने धर्काको डोब परेको थियो। उनीहरू एक, दुई, पाँच इन्च गर्दै अगाडि बढेका थिए। अझ तिन फिट दुरी पार गर्न बाँकी थियो। केही समयपछि चिप्लेकिराहरू सियाँलतर्फ घस्रिए। पुचु हतास मान्दै यताउता हेर्दै थिई। स्कुलमा बसहरू आएका थिएनन्।

पुचु तिनीहरूलाई हेर्दै थिई। स्कुलका बसहरू आए। मूल ढोकाबाट केटाकेटीहरू हुल गरी भित्र पसे। केटाकेटीलाई चिप्लेकिरा र पुचुको वास्ता भएन। खास गरी पुचुलाई बसबाट हात दिएर उतार्नुपर्ने ससाना केटाकेटीहरूसित डर थिएन। माथिल्ला कक्षाका विद्यार्थी पनि दौडेर जाँदैनथे। खास डर त उसलाई तिन, चार, पाँच, छ र सात कक्षाका विद्यार्थीहरूसँग थियो।



केही समयपछि केटाकेटीको पहिलो हुल गेटमा आयो। ती चिप्लेकिराबाट छलिएर गए। यस दृश्यबाट पुचु डराई। ऊ निकै आत्तिएकी थिई। उसले केही सोच्न सकिन।

चिप्लेकिरा मर्छन् कि भनी डराएर पुचुले आँखा चिम्म गरी। पहिलो हुल गेटबाट पार भएपछि पुचुले आँखा खोलेर हेरी। धन्न चिप्लेकिरालाई केही भएनछ। पुचुले लामो सास फेरी।



फेरि एक सय जति केटाकेटीहरू मूल ढोकाबाट भित्र पस्न थाले। पुचु फेरि डराई। चिप्लेकिराहरूले बाटो पार गर्न एक फुट मात्र बाँकी थियो। अब खुट्टाहरूले ढ्यापढ्याप गर्न छाडे। वातावरण निकै शान्त थियो।

पुचु ख्याल गर्दै थिई। ती केटाकेटीहरू एकनासले चिप्लेकिरालाई हेर्न थाले।



एउटा केटाले भन्यो, "आहा! कस्तो राम्रो चिप्लेकिरा।" केटो पाँच कक्षामा पढ्थ्यो। सबैले उसका कुरामा सही थापे। ती चिप्लेकिराले मूल गेटबाट दुइटा चिप्ला धर्का बनाउँदै गएको देखेर सबै अचम्म मान्दै थिए। त्यहाँ सात कक्षाका विद्यार्थीहरू पनि थिए।



सात कक्षाकै अर्की केटीले भनी, “यी चिप्लेकिराहरू पर्खालमा नपुगेसम्म हामी यही हेरिरहौँ। हाम्रा खुट्टाले किचिए भने मर्छन्।”



पुचुले यो दृश्य हेरिरहेकी थिई। ऊ खुसीले गद्गद भई। उसले साना जीवहरूप्रति केटाकेटीले देखाएको मायालाई धन्यवाद भनी।



चिप्लेकिराहरू पर्खालमा पुगे। त्यसपछि केटाकेटीहरू कक्षाकोठामा गए। केही समयसम्म पुचुले चिप्लेकिरालाई हेरी। ढिलो घस्रिरहेका उनीहरूलाई छाडेर पुचु खेल्न चौरतिर लागी। केटाकेटीहरूसँग लुकामारी खेल्ने समय पनि त भइसकेको थियो।

